# अपराध इ–बुलेटिन

वर्ष–७, अंक–१३
माघ–चैत्र , २०७५ (त्रैमासिक)

वस्तुनिष्ठ अपराध अनुसन्धान,
मानवअधिकारको सम्मान

अपराध अनुसन्धान विभाग
प्रहरी प्रधान कार्यालय
©सर्वाधिकार सुरक्षित

# यस इ-बुलेटिनमा

अपराध अनुसन्धान विभागिय गतिविधि --------------------२
नागरिक सम्बन्धि --------------------------------७
अनुसन्धानको प्राबिधिक तथ्यहरू--------------------------९
प्रहरी सेवा ------------------------------------------ ११
अपराध समाचार ------------------------------------ १२
सामुदायिक प्रहरी गतिविधि ---------------------------१६
अपराध तथ्यांक ------------------------------------- १७
जनचेतना मुलक सन्देश -----------------------------१५

# अपराध अनुसन्धान विभागिय गतिविधि

## माननीय गृहमन्त्री रामबहादुर थापा 'बादल'द्वारा निरीक्षण तथा निर्देशन :

काठमाडौं, १६ फागुन

माननीय गृहमन्त्री रामबहादुर थापा 'बादल'ले बुधबार प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नुभई उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो ।

निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री थापाले प्रहरी प्रधान कार्यालय कमाण्ड सेन्टर, डिजीटल फरेन्सिक ल्याव र पोलीग्राफ सेक्सनको निरीक्षण समेत गर्नुभयो । उहाँले कमाण्ड सेन्टरमा भिडियो कन्फेरेन्सबाट प्रदेश प्रहरी प्रमुखहरुलाई शान्ति सुरक्षा कायम राख्ने सम्बन्धमा आवश्यक निर्देशन दिँदै प्रदेश प्रहरीका समस्याहरु समाधान गरिने बताउनुभयो ।

उक्त अवसरमा गृहसचिव मोहनकृष्ण सापकोटाको समेत उपस्थिति रहेको थियो ।

सो अवसरमा प्रहरी प्रधान कार्यालय तथा उपत्यकास्थित वरिष्ठ प्रहरी अधिकृतहरु, प्रहरी अधिकृत तथा जवानहरुलाई निर्देशन दिँदै गृहमन्त्री थापाले संघीय लोकतान्त्रिक गणतन्त्रमा मुलुकको विकास र समृद्धिका लागि अपराध अनुसन्धान र शान्ति सुरक्षाको महत्वपूर्ण भूमिका रहने हुनाले प्रहरीले नयाँ कार्यशैलीकासाथ काम गर्नुपर्ने बताउनुभयो ।

नेपाल प्रहरीलाई विश्वकै रोलमोडल बनाउन सकिने उल्लेख गर्दै गृहमन्त्री थापाले यसका लागि नयाँ योजना र नयाँ संरचनाको बिकासकासाथ अगाडि बढनुपर्ने बताउनुभयो । इतिहासले दिएको नयाँ चुनौतीमाथि सफलता हासिल गर्न सबैको साथ, सहयोग र समन्वय आवश्यक रहने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा धन्यबाद ज्ञापन गर्दै प्रहरी महानिरीक्षक प्रकाश अर्यालले निर्देशन सम्बोधन नेपाल प्रहरीका लागि आगामी दिनमा गन्तव्य पहिल्याउन रोडम्यापको रुपमा रहने विश्वास व्यक्त गर्नुभयो । एकात्मकबाट संघीय राज्य प्रणालीमा प्रवेश गर्ने अवसर नेपाल प्रहरीको परिप्रेक्ष्यमा नितान्त नौलो र अनुभवरहित रहेको चर्चा गर्दै प्रहरी महानिरीक्षक अर्यालले मन्त्रालयबाट नीतिगत स्पष्टतासहितको सहजीकरण भएमा संघीयतातर्फ सहज अवतरण गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । राज्य प्रणालीमा हुने परिवर्तनसँगै प्रहरी कर्मचारीहरूको संख्या र मौजुदा साधनस्रोतमा पुनरावलोकन हुनुपर्नेमा उहाँले जोड दिनुभयो । संघ र प्रदेशका प्रहरी कार्यक्षेत्र स्पष्ट र सरल विभाजनको लागि संघीय प्रहरी ऐन यथाशीघ्र जारी हुनु आवश्यक रहेको बताउदै प्रहरी महानिरीक्षक अर्यालले नेपाल प्रहरीको व्यावसायिकता अभिवृद्धि र स्रोतसाधन व्यवस्थापनमा मन्त्रालयको उल्लेख्य भूमिका रहने विश्वास व्यक्त गर्नुभयो ।

निरीक्षण भ्रमणको क्रममा गृहमन्त्री थापासमक्ष प्रहरी महानिरीक्षक प्रकाश अर्यालले प्रहरीको बिकासक्रम, वर्तमान अवस्था, चुनौति, आवश्यकता र अपेक्षा सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।



निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री थापाले प्रहरी प्रधान कार्यालय  पोलीग्राफ सेक्सनको निरीक्षण गर्नुहुदैं,

यसअघि गृहमन्त्री थापा र गृहसचिव सापकोटालाई प्रहरी प्रधान कार्यालयमा प्रहरी महानिरीक्षक अर्याल, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु लगायत बरिष्ठ प्रहरी अधिकृतहरुले हार्दिक स्वागत गर्नुभएको थियो ।

## मानवअधिकार तालिम समापन :

काठमाडौं, ३० फागुन

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग मानवअधिकार शाखाको आयोजनामा संचालित ३ दिवसीय मानवअधिकार तालिम समाप्त भएको छ । मानवअधिकार संरक्षण, प्रवर्द्धन एवं नागरिकमैत्री सेवाको लागि अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना अन्तर्गत उक्त तालिम आयोजना गरिएको हो । उक्त तालिम समापनका अवसरमा बुधबार आयोजित कार्यक्रममा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक बमबहादुर भण्डारीले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक भण्डारीले तालिममा मानवअधिकार सम्बन्धी सैद्धान्तिक विषयका बारेमा जानकारी हासिल भएको विश्वास व्यक्त गर्दै तालिममा सिकेका कुराहरुलाई अपराध अनुसन्धान तथा शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा सही रुपमा प्रयोग गरी काम गर्नुपर्ने बताउनुभयो । कानुन र चेतनाको विकाससँगै मानवअधिकारतर्फ समेत सचेत भई व्यावसायिक र प्रमाणमुखी अनुसन्धान गर्नेतर्फ जोड दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो । प्रहरी प्रधान कार्यालय मानवअधिकार शाखाका प्रमुख प्रहरी नायव उपरीक्षक गंगा पन्तले तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै उक्त तालिममा कुल ३२ जना प्रहरी निरीक्षकहरुको सहभागिता रहेको जानकारी दिनुभएको उक्त अवसरमा प्रहरी निरीक्षक प्रेमबहादुर खडकाले

प्रशिक्षार्थीहरुको तर्फबाट मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## प्रहरी महानिरीक्षक अर्याल, प्रहरी अतिरिक्त महानिरीक्षकहरु तथा प्रहरी नायव महानिरीक्षकहरुको बिदाई :

काठमाडौँ, २८ चैत

तीस बर्ष सेवा अवधि पुरा गरी सेवानिबृत्त हुनु भएका प्रहरी महानिरीक्षक प्रकाश अर्याल, प्रहरी अतिरिक्त महानिरीक्षकहरु तथा प्रहरी नायव महानिरीक्षकहरुलाई बुधबार प्रहरी प्रधान कार्यालयमा आयोजित बिशेष समारोहबीच बिदाई गरिएको छ । उहाँहरुलाई नवनियुक्त प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले फूलमाला लगाई हार्दिक बिदाई गर्नुभएको हो ।

बिदाई समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक अर्यालले तीन दशक लामो प्रहरी सेवाको व्यावसायिक यात्राबाट औपचारिक बिश्राम लिई निवृत्त हुन लाग्दा भव्य बिदाई कार्यक्रमको आयोजना गरी आफुलाई हार्दिकतापूर्वक सम्मान दिनुभएको मा नेपाल प्रहरी संगठन परिवार र नवनियुक्त प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल प्रति हार्दिक आभार प्रकट गर्नुभयो ।

नेपाल प्रहरीको उच्चपद सम्मको अबिराम यात्राका विभिन्न व्यावसायिक मोडहरूमा मार्गनिर्देश गर्ने समस्त सम्झन योग्य प्रहरी जनहरूप्रति आभार व्यक्त गर्दै उहाँले आफुले गरेका सबै सत्कर्महरूमा वहाँहरूको योगदान तथा सत्प्रयासहरूको स्मरण गर्नुभयो ।

विभिन्न कालखण्डमा देश र जनताको सेवामा आफ्नो जीवन न्यौछावर गर्नुहुने सम्पूर्ण कर्मशील अमर तथा वीर प्रहरीहरूको शहादतको उच्च प्रशंसा गर्दै उहाँले सतहमा देखिने प्रहरी संगठनको आधारहरू निर्माणमा वहाँहरूको रगत र पसिनाको सिञ्चनको विशिष्ट महत्व रहेको स्मरण गर्नुभयो ।

संगठनमा हरेक कुरामा प्रणालीको विकास गरी सांगठनिक क्रियाकलापहरु स्थापित प्रणाली बमोजिम संचालन गर्ने, सामुहिक निर्णय गर्ने अभ्यासलाई संस्थागत गर्ने, संगठनका कार्यलाई पारदर्शी बनाउने, सही मूल्याङ्कन पद्धतीको विकास गर्ने तथा कर्मचारीको बृत्ति विकास गर्ने कुरामा जोड दिई हरेक सदस्यहरुमा संगठनप्रति अपनत्व र एक आपसमा भाइचाराको भावना बढाउने कुरामा प्राथमिकतामा राखेर आफुले काम गरेको बताउनुभयो ।

समारोहमा नवनियुक्त प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी महानिरीक्षक अर्याल लगायत सेवा निवृत्त हुन लाग्नुभएका अन्य वरिष्ठ प्रहरी अधिकृतले राष्ट्र, जनता र संगठनप्रति पुऱ्याउनु भएको अमूल्य योगदानका लागि नेपाल प्रहरीको सिङ्गो परिवार को तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो ।

उहाँले प्रहरी महानिरीक्षक अर्यालसंगै सेवा प्रवेश गरी आफ्नो सम्पूर्ण ऊर्जा तथा सिर्जनशीलता देश र नागरिकका लागि समर्पित गरेर आज हामीहरूबाट बिदाई हुनुहुने अग्रज प्रहरी अतिरिक्त महानिरीक्षकहरु तथा प्रहरी नायव महानिरीक्षकहरू प्रति नेपाल प्रहरी र तमाम सदस्यहरू सदैव कृतज्ञ रहने बताउनुभयो ।

बिदाई भई जानुहुने प्रहरी महानिरीक्षक अर्यालले दिएका निर्देशनले आगामी दिनमा संगठन सुदृढीकरणको लागि थप हौसला प्रदान गरेको बताउदै नेपाल सरकार तथा समस्त नागरिकहरुले अपेक्षा राखेको प्रहरी सेवालाई थप सुधार उन्मुख बनाउदै प्राप्त स्रोत साधनको अधिकतम प्रयोग गरेर नेपाल प्रहरीको छवि उच्च बनाउदै लैजानेमा आफु विश्वस्त रहेको उल्लेख गर्नुभयो ।

सेवानिबृत्त हुनुहुने प्रहरी अतिरिक्त महानिरीक्षकहरु बमबहादुर भण्डारी,

जयबहादुर चन्द, देवेन्द्र सुवेदी, पशुपति उपाध्याय, केशरीराज घिमिरे, माधव प्रसाद जोशी, बिजयलाल कायस्थ, कमलसिंह बम, मिङमार लामा, रणबहादुर चन्द, बिजयकुमार भट्ट, हेमन्तबहादुर पाल, मधु पुडासैनी, माधव प्रसाद नेपाल, पंकज श्रेष्ठ तथा प्रहरी नायव महानिरीक्षकहरु गोविन्द प्रसाद निरौला, रोमेन्द्र सिंह देउजा, सुदिप आचार्य, गणेश के.सी., केदारमान सिंह भण्डारी, रमेश कुमार भट्टराई, भोगबहादुर थापा, पुस्कलराज रेग्मी र पुष्पचन्द्र रंजित रहनुभएको छ ।

बिदाई समारोहमा प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरु, प्रहरी अधिकृत तथा जवानहरुले उहाँहरुलाई हार्दिक बिदाई गर्नुभएको थियो ।



अपराध अनुसन्धान बिभागका प्रमुखको तथा प्रहरी नायव महानिरीक्षकहरुको बिदाई समारोह



अपराध अनुसन्धान बिभागका प्रमुखको तथा प्रहरी नायव महानिरीक्षकहरुको बिदाई समारोह

# नागरिक सम्बन्धि

## खोजतलास एवं समन्वय

देश भरी हराएका मानिसहरुको माघ १ गते देखि चैत मसान्त सम्मको विवरण –

| विवरण | पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| हराएका | ३७० | १२०३ | २३८ | ४४१ | २२५२ |
| फेला परेका | ८१ | २०३ | ६३ | ११७ | ४६४ |

पहिचान हुन नसकेका लाशहरुको विवरण –

| | पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|---|
| | ४१ | ५ | १ | १ | – | ४८ |
| सनाखत भएका | १ | – | – | – | – | १ |

## बैदेशिक नागरिक

| सि.नं. | बिबरण | माघ | फागुन | चैत्र | जम्मा |
|---|---|---|---|---|---|
| १ | बिदेशी नागरिकको मृत्यु | ३ | २ | ७ | १२ |
| २ | बिदेशी नागरिकको पक्राउ | १६ | ३ | ५ | २४ |
| ३ | हराएका बिदेशी नागरिकहरु ( खोजतलास भइरहेको ) | – | – | १ | १ |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका नागरिकहरुको विवरण | ३,५४७ | ७,२२५ | १५,८८९ | २६,६६१ |
| ५ | बिदेशी नागरिकको यस कार्यलयमा रहेको अपराधिक अभिलेख जाचं गरि पठाईएको बिबरण | ३ | – | ६ | ९ |

# बालबालिका खोजतलास

देश भरी हराएका तथा वेवारिस फेला परेका बालबालिकाको माघ १ गते देखि चैत मसान्त सम्मको  विवरण :

| प्रदेश | | जम्मा हराएका | | | हराएका मध्ये फेला परेका | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| प्रदेश नं. १ | | २७ | ५७ | ८४ | ३ | ५ | ८ |
| प्रदेश नं. २ | | १५ | ५९ | ७४ | ३ | ५ | ८ |
| प्रदेश नं. ३ | उपत्यका | ४६ | ३४ | ७० | ३१ | २४ | ५५ |
| | उपत्यका बाहेक | ३३ | ६७ | १०० | ९ | २२ | ३१ |
| प्रदेश नं. ४ | | २६ | ७२ | ९८ | ४ | २८ | ३२ |
| प्रदेश नं. ५ | | ३९ | ८१ | १२० | ७ | १५ | २२ |
| प्रदेश नं. ६ | | २७ | २४ | ५१ | ७ | ६ | १३ |
| प्रदेश नं.७ | | २६ | ४६ | ७२ | ४ | १४ | १८ |
| जम्मा | | २३९ | ४४० | ६७९ | ६८ | ११९ | १८७ |

# अनुसन्धानको प्राबिधिक तथ्यहरु

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाले २०७४ साल माघ १ गते देखि चैत मसान्त सम्म १३ महिला र ९३ पुरुषको पोलिग्राफ परिक्षण गरेको छ। जसमध्ये झुठ बोलेको संकेत ५३, झुठ नबोलेको संकेत ४५ , राय दिन नसक्ने अवस्था ५ ,अनुसन्धानमा सघाउ संख्या ५३ र स्विकार गरेको ५ वटा घटना छन्।

## Call detail record

मिति २०७४ माघ १ गते देखि चैत मसान्त सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :

अपराध अनुसन्धानको सिलसिलामा उपत्यका बाहेकका ७२ वटा जिल्ला स्थित प्रहरी कार्यालयहरु बाट माग भई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co–ordination गरी निम्नानुसार को संख्यामा समयमै सम्बन्धीत कार्यालयहरुलाई उपलब्ध गराईएको।

| | |
|---|---|
| माघ | ५५०६ |
| फागुन | ५७७४ |
| चैत | ७७९८ |

# Digital Forensic lab बाट परिक्षण गरिएको सबुदहरुको तथ्याङक

प्रहरी प्रधान कार्यालय Digital Forensic labले २०७४ माघ १ गते देखि चैत मसान्त सम्मको निम्न मुद्दाशिर्षक अनुसारको मुद्दा अनुसन्धानमा प्राप्त भएको सबुदहरुको परिक्षण गरी परिक्षण रिपोर्ट तथा सबुदहरु सम्बन्धित कार्यालयमा पठाई सकिएको ।

| सिं.नं. | मुद्दा शिर्षक | संख्या |
|---|---|---|
| १ | जवरजस्ती करणी | ७ |
| २ | विधुतिय कसुर | २४ |
| ३ | कर्तब्य ज्यान | १ |
| ४ | मानव वेचविखन तथा ओसारपसार | ४ |
| ५ | ठगी | ९ |
| ६ | संगठीत अपराध | १ |
| ७ | सरकारी छाप दस्तखतकिर्ते | ३ |
| ८ | नखुलेको | ४ |
| ९ | अपहरण तथा शरिर बन्धकमुद्दा | १ |
| १० | लागु औषध ओ.प. कारोबार | १ |
| ११ | केही सार्बजनिक अपराध | २ |
| १२ | बैकिङ्ग कसुर | २ |
| १३ | बन्यजन्तु खरिद बिक्री | ३ |
| १४ | बाल यौन दुराचार | १ |
| १५ | ज्यान मार्ने उधोग | १ |
| १६ | भबितब्य ज्यान | ३ |
| १७ | प्रतिलिपि अधिकार | १ |
| १८ | सवारी दुर्घट्ना | २ |
| | जम्मा | ७० |

यस ल्याबमा परिक्षण गरिएका सबुदहरुको बिबरण यस प्रकार छन ।

| | | | |
|---|---|---|---|
| 1 | sim card | १३१ | |
| 2 | memory | ४४ | |
| 3 | laptop | १३ | Hard Drive |
| 4 | CPU | १० | Hard Drive |
| 5 | mobile | १११ | |
| 6 | pendrive | १ | |
| 9 | camera | २ | |
| | total | ३१३ | |

# प्रहरी सेवा

## फैसला कार्यान्वयन अवस्था

फैसला कार्यान्वयन सम्बन्धि पाक्षीक बिवरण सङ्कलन गरी बिश्लेश्ण गर्ने कार्य भईरहेको छ जस अनुसार माघ १ गते देखि चैत मसान्त सम्मको विशेष अभियान लागु भएका र नभएका जिल्लाहरूको फैसला कार्यान्वयन सम्बन्धि प्रगति बिवरण निम्न अनुसार रहेको छ ।

| | पक्राउ संख्या | जरिवाना | कैद |
|---|---|---|---|
| बिशेष अभियान लागु भएका २४ जिल्ला | १७ जना | रु.१,८१,७५,९२० | ३८२ वर्ष ९ महिना १२ दिन |
| बिशेष अभियान लागु नभएका ५१ जिल्ला | १३७ जना | रु.३०,७५,४४४ | १९१ वर्ष ४ महिना १६ दिन |
| केन्दिय अनुसन्धान व्युरो | १६ जना | रु.१२,१२,९४,४४९ | ९४ वर्ष |
| जम्मा | ४७० जना | रु. १४,२५,४५,८१३ | ६६८ वर्ष १ महिना २८ दिन |

## चारित्रिक प्रमाणपत्र बितरण सम्बन्धी

| सि.नं. | सम्पादन भएका प्रमुख कार्यहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | प्रहरी चारित्रिक प्रमाणपत्र नेपालमा रहेका व्यक्तिहरुको दर्ता संख्या :–९०,७१८ | प्रमाण–पत्र बितरण संख्या :–९०,२०० |
| २ | बिदेशमा रहेका व्यक्तिहरुको दर्ता संख्या :– ६३२७ | बितरण संख्या :–६२३३ |
| ३ | राजदुतावासको दर्ता संख्या :–१६ | बितरण संख्या :–१६ |
| ४ | बिदेशी नागरिकको दर्ता संख्या :–२३२ | बितरण संख्या :–२२२ |
| ५ | बिभिन्न संघ संस्था तथा गृह मन्त्रालयको दर्ता :– ९०७ | बितरण संख्या :– ९०७ |
| ६ | प्रदेश–७ वाट दर्ता संख्या :– २२७१ | वितरण संख्या :– २२७१ |
| | जम्मा दर्ता संख्या :– १००,४७१ | बितरण संख्या :– ९९,८४९ |

| सि.नं. | Description | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|
| 1 | New Data Entry | २४०५ | २२२७ | ३०४२ |
| 2 | 10 No Diary Data Entry | १३४८ | १२५९ | ३२७३ |
| 3 | Judicial Report Entry | २१७९ | १५४२ | ३३६२ |
| 4 | Police Report Check-PRC | २२७१८ | ४४४९८ | ३०३६८ |
| 5 | Others -PRC | ४६३ | ७५८ | ७५७ |
| 6 | Suspect | ३४६ | ५८३ | ५८७ |
| | Total | २९४५९ | ५०८६७ | ४१३८९ |

# अपराध समाचार

## प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो

### गौचन हत्याका अभियुक्त पक्राउ :

काठमाडौं, ९ माघ

निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद कुमार गौचनलाई गोली प्रहार गरी हत्या गरेको घटनामा प्रत्यक्ष संलग्न भएका बाराको गढीमाई नगरपालिका-१ पथलैया घर भई चितवनको भरतपुर महानगरपालिका-१३ चम्पानगर डेरा गरी बस्ने ३२ बर्षीय बागमारे भन्ने श्याम बहादुर गोम्बी गुरुङलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो महाराजगञ्जबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ ।

### अवैध रुपमा खरिद विक्री गर्न लागेको रक्तचन्दन सहित पक्राउ :

काठमाडौा, १५ माघ

काठमाडौं महानगरपालिका-३२ सरस्वतीनगरबाट अवैध रुपमा खरिद विक्री गर्न लागेको रक्तचन्दन २ सय ५० केजी सहित ४ जनालाई प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोले आइतबार पक्राउ गरेको छ ।

### अमेरिका पठाइदिन्छु भनी ठगी गर्ने व्यक्ति पक्राउ :

काठमाडौं, २२ माघ

अमेरिका पठाइदिन्छु भनी ठगी गर्ने कार्यमा संलग्न काठमाडौंको गोकर्णेश्वर नगरपालिका-८ बस्ने सिन्धुपाल्चोकको हेलम्बुका मनिष बस्नेत, नरेन्द्र बहादुर पण्डित भन्ने २९ वर्षीय सुलभ पण्डित क्षेत्रीलाई काठमाडौं गोकर्णेश्वर-८ बेसीगाउाबाट प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो महाराजगन्जको प्रहरीले पक्राउ गरेको छ ।

### कानुन विपरित वित्तिय कारोबार गर्ने ईन्भेष्टमेन्ट प्रालिका संचालकहरु पक्राउः

काठमाडौं, ७ फागुन

नेपाल राष्ट्र बैंक र सहकारी विभागबाट वित्तिय कारोबार गर्ने अनुमति नलिई सुनसरी र मोरङमा सञ्चालित ईन्भेष्टमेन्ट कम्पनीले आफूलाई प्राप्त कानूनी दायरा विपरित गैरकानूनी तवरले स्थानीयसग बचत संकलन तथा ऋण प्रवाह गर्ने लगायतको वित्तिय कारोवार गरिरहेको अवस्थामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो र १ नम्बर प्रदेश क्षेत्रीय अनुसन्धान टोलीको संयुक्त कार्वाहीमा ८ जना संचालकहरु आइतबार पक्राउ परेका छन् ।

### बैकिङ कसूरका अभियुक्तहरु पक्राउ :

काठमाडौं, २ चैत

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.मा २०७२ मंसिर ११ गते मर्जरमा जाने सहमतिपत्रमा हस्ताक्षर गरे पश्चात मर्जरको फाइदा उठाउदै तत्कालीन एपेक्स डेभेलपमेन्ट बैंकले दरबारमार्ग, लोकन्थली, इटहरी, सुर्खेत र नेपालगञ्ज शाखाबाट अनियमित प्रक्रियाबाट कर्जा प्रवाह गरी बैंकलाई १ अर्ब ५० करोड ९६ लाख ३३ हजार ९ सय ८४ रुपैयाा हानी-नोक्सानी पुऱ्याउने मध्येका १३ जनालाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो

महाराजगंजको प्रहरीले काठमाडौंका विभिन्न स्थानबाट शुक्रबार पक्राउ गरेको छ ।

## महानगरीय अपराध महाशाखा

### अवैध तरिकाले वैदेशिक रोजगारमा पठाउने कन्सलटेन्सीका संचालक पक्राउ :

काठमाडौं, २१ फागुन

अवैध तरिकाले वैदेशिक रोजगारमा पठाउने पुतलीसडकस्थित क्याचे एजुकेशन एण्ड ट्रेनिङ कन्सल्टेन्सी प्रालिका संचालक काठमाडौं गाँगलफेदी-५ का ४१ बर्षीय पुरुषोत्तम खड्कालाई प्रहरीले पक्राउ गरेको छ ।

खड्काले विभिन्न व्यक्तिहरुलाई प्रलोभनमा पारी अवैध तरिकाले ७ लाखदेखि १२ लाख रुपैयाँसम्म लिई वैदेशिक रोजगारीको लागि अजरवैजान, पोल्याण्ड, साउथ अफ्रिका, स्टोनिया, माल्टा लगायतका देशमा पठाई अलपत्र समेत पार्ने गरेको सूचना महानगरीय प्रहरी अपराध महाशाखामा प्राप्त भएपछि खटिएको प्रहरीले खडकालाई काठमाडौं पुतलीसडकबाट पक्राउ गरेको हो ।

### युरोप लगायतका देशमा रोजगारीका लागि पठाउने भनी ठगी गर्ने पक्राउ :

काठमाडौं, २३ फागुन

युरोप लगायतका देशमा रोजगारीका लागि पठाउने भनी ठगी गर्ने कार्यमा संलग्न काठमाडौं समाखुसीस्थित सुनौलो प्रकाश कन्सल्टेन्सीका संचालक मकवानपुर भिमफेदी-१० का ३१ बर्षीय आर्यन लामालाई प्रहरीले पक्राउ गरेको छ ।

लामाले खोटाङ निर्मलीडाँडा-१ का हरिकाजी बस्नेत समेत ४ जनालाई स्पेन र पोर्चुगलमा रोजगारीको लागि पठाउने भन्दै बस्नेतबाट ३३ लाख लिई रोजगारीमा नपठाई ठगी गरेका थिए । पीडितले रकम माग गर्दा खातामा रकम मौज्दात नभएका सहकारी संस्थाको चेक दिई ठगी गरेको भन्ने पीडितको उजुरीको आधारमा अनुसन्धानमा खटिएको महानगरीय अपराध महाशाखाको प्रहरीले काठमाडौं टेकुबाट लामालाई पक्राउ गरेको हो ।

लामाले दोलखाका मोहन प्रधान र कारसाङ तामाङलाई समेत कतार एयरवेजमा काम लगाउने भनी ३ लाख ५० हजार रुपैयाँ लिएको र पीडितलाई समेत सहकारी संस्थाकै चेक दिएकोमा रकम भुक्तानी लिन जाँदा सहकारीको खाता नै बन्द गरेको अनुसन्धानबाट खुल्न आएको छ ।

### युरोप लगायतका मुलुकमा पठाइदिन्छु भनी ठगी गर्ने समुह पक्राउ :

काठमाडौं, १८ माघ

युरोप लगायतका मुलुकहरुमा पठाइदिन्छु भनी ठगी गर्ने समुहका ५ जना काठमाडौं महानगरपालिका-२६ गल्कोपाखा बस्ने गुल्मीको मुसीकोट नगरपालिका-१ का ३४ वर्षीय नारायण घिमिरे, काठमाडौं महानगरपालिका-२६ गल्कोपाखा बस्ने रुपन्देहीको कालिकानगर नगर पालिका-१३ बस्ने ३६ बर्षीय झपेन्द्र थापामगर, काठमाडौं गौरीघाट बस्ने अर्घाखाँचीको छत्रदेव गाउँपालिकाका २८ वर्षीय अर्जुन अर्याल, काठमाडौं महानगरपालिका-२६ गल्कोपाखा बस्ने सहजपुर जिल्ला उत्तरप्रदेश भारतका ३० वर्षीय संदीप सिंह र काठमाडौं गल्कोपाखा बस्ने दार्जिलिङ सिलगुढी भारतका ३७ वर्षीय रोनाल्ड गहतराज लाई काठमाडौं महानगरपालिका-२६ ठमेलस्थित होटल इन्काउन्टरबाट महानगरीय अपराध महाशाखाको प्रहरीले पक्राउ गरेको छ ।

भारतको नयाँदिल्ली हुँदै क्यानडा, जापान तथा युरोपका विभिन्न मुलुकहरुमा पठाइदिन्छु भनि प्रलोभनमा पारी ठगी गर्ने उनीहरुलाई उक्त महाशाखाको प्रहरीले नेपाली राहदानी १९ थान, बंगलादेशी राहदानी २५ थान, भारतीय राहदानी १ थान, विभिन्न व्यक्तिहरुको पुलिस रिपोर्ट ११ थान र अन्य विभिन्न कागजातसहित पक्राउ गरेको हो । उनीहरुमध्ये रोनाल्ड गहतराजले दिल्लीमा ग्लोबल ट्रेनिङ कन्सल्टेन्सी तथा

नारायण घिमिरेले पुतलीसडकमा निकिता ग्लोबल कन्सल्टेन्सी संचालन गरी ठगी गरेको खुल्न आएकोले आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग बुद्दनगर काठमाडौं पठाइएको सो महाशाखाले जनाएको छ ।

यूएन मिसन पठाइदिन्छु भनी ठगी गर्ने पक्राउ :

काठमाडौं, ५ चैत

फर्म पुलिस युनिट मिसनमा पठाइदिन्छु भनी ठगी गर्ने काठमाडौं मैतीदेवी बस्ने महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका-२ का २९ बर्षीय आनन्दकुमार मण्डललाई प्रहरीले पक्राउ गरेको छ । मण्डलले प्रहरी प्रधान कार्यालयको डिसपीसँग कुरा गराई सेटिङ मिलाएर बिदेश मिसनमा पठाइदिन्छु भनी प्रलोभन देखाई प्रहरी प्रधान कार्यालयको डिएसपी नारायणकुमार श्रेष्ठ उहाँ नै हो भनी महोत्तरी मनराकट्टी बस्ने ३५ बर्षीय प्रकाशकुमार सिंहसँग परिचय गराई बिश्वासमा पारी २ जना बहालवाला प्रहरी कर्मचारीसँग पटक-पटक गरी ४ लाख रुपैयाँ लिई ठगी गरेको भनी महानगरीय अपराध महाशाखामा उजुरी प्राप्त भएपछि खटिएको प्रहरीले मण्डललाई शुक्रबार काठमाडौं माइतीघरबाट पक्राउ गरेको हो ।

## प्रदेश नं.१

अवैध रुपमा हुण्डीको कारोवार गर्ने पक्राउ :

मोरङ, १२ माघ

अवैध रुपमा हुण्डीको कारोवार गर्ने बिरटनगर महानगरपालिका-११ बस्ने २४ बर्षीय निरन्जन कुमार साह सहित ४ जनालाई सोही ठाउँमा उनीहरुले कार्यालय जस्तो बनाई अबैध रूपमा हुन्डीको कारोवार गरिरहेको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बिहीबार ३६ लाख १८ हजार २ सय ५० रुपैयाँ र भारतीय एयरटेल कम्पनीको सिम कार्ड १ थान र डायरी लगायतका कागजात सहित उनीहरुलाई पक्राउ गरेको हो ।

लागू औषध गाँजा सहित पक्राउ :

मोरङ, १५ माघ

धनकुटाको खोकुछीन्ताङ गाउँपालिका-५ बस्ने २२ वर्षीय रामकुमार राईलाई अवैध लागूऔषध गाँजा २२ के.जी. सहित प्रहरीले पक्राउ गरेको छ । बुढीगंगा गाउँपालिका-१ गंगा चोकस्थित कोशी राजमार्गमा को.१ ह ७८१६ नम्बर को टेम्पोलाई जाँच गर्दा टेम्पोमा लुकाई छिपाई ल्याएको अवस्थामा उक्त गाँजा बरामद भएको थियो ।

## प्रदेश नं.२

लट्री परेको भनि प्रलोभन देखाइ ठगी गर्ने गिरोह पक्राउ :

पर्सा, ११ फागुन

भाइबर, फेसबुक जस्ता सामाजिक संजाल मार्फत २५ लाखको लट्री जित्नु भएको छ भनी बैंक खाता नम्बर तथा परिचय खुल्ने कागजात पठाउन लगाई लट्री बापतको कर नेपाल सरकारलाई तिर्नु पर्ने रकम जम्मा गरेपछि रकम खातामा जम्मा हुने बताई सर्बसाधारणलाई ठगी गर्ने कार्यमा संलग्न ३ जनालाई फागुन ७ गते प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सुर्खेत विरेन्द्रनगर नगर पालिका-७ बस्ने २४ वर्षीय भिमबहादुर थापा, दैलेख गुरास गाउँपालिका-४ बस्ने २२ वर्षीय विष्णु सिजाली मगर र भारत विहार पुर्वी चम्पारण मोतिहारी जिल्ला कुमरिया बस्ने २० वर्षीय असर फ अली रहेका छन् ।

## प्रदेश नं.३

विभिन्न हातहतियार बरामद :

मकवानपुर, २७ माघ

मनहरी गाउँपालिका-५ डिल्लीपुर बस्ने स्व. गोपीलाल रुम्बाको घरबाट कटुवा पेस्तोल १ थान, कुकर बम १ थान, सुतली बम २ थान, ईन्सास र ाईफलको गोली २ थान, ८एमएम लेखिएको गोली २ थान, बारुद करीव आधा केजी, गन्धक पदार्थ १ थान, सेनाको कम्ब्याड ड्रेस १ थान, रडको टुक्रा ५ थान, कैंची १ थान, कालो टेप १ थान, डेटोनेटर

आधा मिटर र कुकर बम पडकाउने रिमोट १ थान शुक्रबार प्रहरीले फेला पारी बरामद गरेको छ ।

बिशेष सुराकीको आधारमा ईलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले उक्त घर खानतलासी गर्दा उक्त हातहतियार बरामद भएको हो ।

## प्रदेश नं. ४

### भरुवा बन्दुक तथा चितुवाको छाला सहित पक्राउ :

कास्की, ६ चैत

माछापुच्छ्रे गाउँपालिका-२ च्याङ्लुङ बस्ने ४० बर्षीय गम बहादुर गुरुङलाई प्रहरीले भरुवा बन्दुक १ थान, बन्दुकमा लाग्ने छर्रा र खाली खोका १० थान तथा चितुवाको छाला १ थान सहित पक्राउ गरेको छ । चितुवा मारी गुरुङलाई राख्न दिने सोही ठाउँ बस्ने ३१ बर्षीय चन्द्र बहादुर पौडेललाई समेत प्रहरीले पक्राउ गरेको छ ।

गुरुङले घरमा अबैध रुपमा हातहतियार तथा चितुवाको छाला लुकाई राखेको खबर प्राप्त हुनासाथ प्रहरी चौकी सार्दिखोलाबाट खटिएको टोलीले सोमबार घर तलासी गर्दा उक्त भरुवा बन्दुक र चितुवाको छाला बरामद भएको थियो ।

## प्रदेश नं. ५

### रेडपाण्डाको छालाबाट बनेको डमी सहित पक्राउ :

दाङ, ३ फागुन

तुलसीपुर उपमहानगरपालिका-९ वेलवाबाट सल्यान त्रिवेणी गाउँपालिका-३ टोड्के बस्ने ३६ वर्षीय टोपबहादुर वली र कपुरकोट गाउँपालिका-६ बस्ने ५२ वर्षीय रुपलाल वोहरालाई दुर्लभ रेडपाण्डाको छालाद्वारा बनाएको डमी सहित बुधबार प्रहरीले पक्राउ गरेको छ । उक्त डमी बेचबिखन गरिरहेको अवस्थामा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

## प्रदेश नं. ६

### लागूऔषध सहित पक्राउ :

रोल्पा, १४ माघ

थवाङ गाउँपालिका-३ बस्ने २२ वर्षीय प्रशन्न बुढामगर र सोही ठाउँ बस्ने २२ वर्षीय शेरबहादुर बुढालाई करीब ५० केजी लागूऔषध चरेश सहित आइतबार प्रहरीले पक्राउ गरेको छ ।

माडी गाउँपालिका-२ घर्तीगाउँमा चेकजाँच गर्ने क्रममा उनीहरुको साथबाट उक्त परिमाणको चरेश बरामद गरी उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

## प्रदेश नं. ७

### चितुवाको छाला र हड्डी सहित पक्राउ :

कैलाली, ११ माघ

कालिकोटको पालता गाउापालिका-२ बस्ने ३४ वर्षीय कर्ण कामीलाई प्रहरीले चितुवाको छाला ३ थान र चितुवाको विभिन्न भागको हड्डि साढे २ के.जी. सहित पक्राउ गरेको छ ।

कार्मीलाई प्रहरीले बुधबार कैलालीको लम्किचुहार नगरपालिका-३ चिसापानीस्थित हिमशिखर होटलबाट उक्त छाला र हड्डि सहित पक्राउ गरेको हो ।

# सामुदायिक प्रहरी गतिविधि

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू

| सि.नं. | क्रियाकलाप | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|
| १ | अपराधरोकथाम तथा नियन्त्रण सम्बन्धी क्रियाकलाप | ३९७ | ३२३ | ३७३ |
| २ | जनचेतना मुलक क्रियाकलाप | २७७ | ३०२ | २५७ |
| ३ | सामाजिक क्रियाकलाप | ९४ | ९४ | ८८ |
| ४ | जनस्वास्थ्य तथा वातावरण सम्बन्धी | ९५ | ७९ | ९१ |
| ५ | लागुऔषध विरुद्धको चेतनामूलक कार्यक्रम  स्थानमा संचालन गरिएको | ३४ | २८ | १८ |
| ६ | लैंगिक तथा घरेलु हिंसा विरद्दको चेतनामूलक कार्यक्रम स्थानमा संचालन गरिएका | १७ | ११ | ३ |
| ७ | विविध | ११५ | ७५ | ७५ |
| ८ | कुल जम्मा | १०२९ | ९१२ | ९०५ |

प्रहरी मेरो साथी

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी सेवा केन्द्रहरूले संचालन गरेका प्रहरी मेरो साथी कार्यक्रमहरू

| सि.नं. | कार्यालय | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|
| १ | महानगरीय प्रहरी कार्यालय रानीपोखरी | ६४ | ६१ | ३३ |
| २ | प्रदेश नं.१ | ३८ | २१ | २१ |
| ३ | प्रदेश नं.२ | ७ | ७ | ७ |
| ४ | प्रदेश नं.३ | १७ | ८ | ४ |
| ५ | प्रदेश नं.४ | ३३ | १७ | ३२ |
| ६ | प्रदेश नं.५ | १४ | ११ | ११ |
| ७ | प्रदेश नं.६ | २६ | १७ | २३ |
| ८ | प्रदेश नं.७ | ३५ | ३१ | ३२ |
|  | कुल जम्मा | २३४ | १७३ | १६३ |

# अपराध तथ्यांक

### २०७४–२०७५ माघ महिनाको

| प्रकृति | ब्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७२ | ८४ | ८३ | ६६ | ३० | ७९ | १७ | २८ | ४५९ |
| आत्महत्या सम्बन्धी | ० | ३२ | ७७ | ६५ | ६८ | ४१ | ६० | १४ | ३४ | ३९१ |
| चोरी सम्बन्धी | ० | ४२ | २८ | २९ | ११ | ४ | १७ | २ | ७ | १४० |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | ९ | ७१ | ८७ | ५७ | ३५ | २७ | ८९ | ८ | १५ | ३९८ |
| सामजिक अपराध | ० | ३५२ | १८७ | ८७ | १४१ | १२१ | ७३ | २९ | ३१ | १०२१ |
| महिला तथा वालवालिका सम्बन्धी | २ | ३५ | ४७ | २२ | ३० | २२ | ५४ | ६ | ९ | २२७ |
| सवारी सम्बन्धी | ० | २४ | २५ | २५ | ३७ | २१ | ५० | ४ | ९ | १९५ |
| विविध | ० | ५८ | २ | ६ | १ | १ | ३ | ० | ६ | ७७ |
| कुल जम्मा | ११ | ६८६ | ५३७ | ३७४ | ३८९ | २६७ | ४२५ | ८० | १३९ | २९०८ |

### २०७४–२०७५ फागुन महिनाको

| प्रकृति | ब्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ९१ | १२१ | ६४ | ७८ | ५२ | ८३ | २० | ४५ | ५५४ |
| आत्महत्या सम्बन्धी | ० | ४६ | ९२ | ३७ | ६४ | ३९ | ९१ | १६ | ४२ | ४२७ |
| चोरी सम्बन्धी | ० | ४० | १९ | ३४ | ८ | ७ | २३ | ० | ३ | १३४ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | ३ | ८१ | ८७ | ५८ | २७ | ३५ | ७१ | ९ | २३ | ३९४ |
| सामजिक अपराध | ० | ३८८ | २१६ | १९३ | १३७ | १४३ | १२२ | ३४ | ४६ | १२७९ |
| महिला तथा वालवालिका सम्बन्धी | २ | ४४ | ७४ | ५१ | ३४ | २३ | ७४ | १० | ३६ | ३४८ |
| सवारी सम्बन्धी | ० | २१ | ३७ | ३८ | ३५ | २६ | ३७ | ६ | १९ | २१९ |
| विविध | १ | ७६ | २१ | १० | ४ | २ | १६ | ४ | ९ | १४३ |
| कुल जम्मा | ६ | ७८७ | ६६७ | ४८५ | ३८७ | ३२७ | ५१७ | ९९ | २२३ | ३४९८ |

### २०७४–२०७५ चैत्र महिनाको

| प्रकृति | ब्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७० | १०६ | ७५ | ९० | ४८ | ८३ | २३ | ३२ | ५२७ |
| आत्महत्या सम्बन्धी | ० | ४९ | १०२ | ५९ | ६१ | ३९ | ७३ | २० | ४५ | ४४८ |
| चोरी सम्बन्धी | ० | ३३ | २८ | ३७ | १० | १० | २० | ४ | ७ | १४९ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | ० | ८९ | ८४ | ५८ | २५ | ३७ | ७० | ८ | २३ | ३९४ |
| सामजिक अपराध | ० | ४५३ | २५१ | १६८ | १२८ | १५२ | १३१ | ४४ | ७१ | १३९८ |
| महिला तथा वालवालिका सम्बन्धी | १२ | ४१ | ७८ | ३९ | ४९ | ३० | ८० | १९ | २१ | ३६९ |
| सवारी सम्बन्धी | ० | १७ | ३३ | ३२ | ३१ | २४ | २७ | ५ | ८ | १७७ |
| विविध | ८७ | ७५ | १२ | २० | ८ | २ | २५ | ३ | १० | २४२ |
| कुल जम्मा | ९९ | ८२७ | ६९४ | ४८८ | ४०२ | ३४२ | ५०९ | १२६ | २१७ | ३७०४ |

# जनचेतना मूलक सन्देश

अपराधको सुचना प्रहरीलाई दिएर नागरिक दायित्व निर्वाह गरौं ।


प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं
फोन: ९७७१४४१२७४८
फ्याक्स: ९७७१४४१२६२

ई-मेल: cicu@nepalpolice.gov.np,
cicucid@gmail.com
वेभसाईट: www.cid.nepalpolice.gov.np